# उत्कृष्ट कृषक पुरस्कार सम्बन्धी मापदण्ड, २०७९

*(मितिः २०७९।१०।१० को माननीय मन्त्रिस्तर निर्णयबाट स्वीकृत)*

*(पहिलो संशोधन मितिः २०८३/०१/०२)*

*(दोस्रो संशोधन मितिः २०८३/०५/०९)*

**प्रस्तावनाः** गण्डकी प्रदेशका उत्कृष्ट कृषक, कृषक समूह र सहकारी संस्थाहरुलाई पुरस्कृत गरी कृषकको योगदानलाई सम्मान तथा मनोबल उच्च राख्न सहयोग एवम् प्रोत्साहन गर्दै कृषि पेशालाई सम्मानित र व्यावसायिक बनाउने उद्देश्यले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, €२०८१" को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी *कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

**१. <u>प्राविधिक पक्षः</u>**

(क) मापदण्ड बमोजिम गण्डकी प्रदेशका कृषक, कृषि फर्म/कम्पनी, कृषक समूह तथा सहकारी संस्था (यसपछि आवेदक भनिने) लाई पुरस्कृत गर्न सकिनेछ।

(ख) पुरस्कृत गर्ने प्रयोजनार्थ कृषि विकास कार्यालयले प्रत्येक वर्षको श्रावण महिनामा कम्तीमा १५ दिने सार्वजनिक सूचना आह्वान गर्नेछ। तर पहिलो पटकको हकमा मापदण्ड स्वीकृत भएको एक महिना भित्र सूचना प्रकाशन गर्नुपर्नेछ।

(ग) सूचनामा तोकिएको म्याद भित्र अनुसूची-१ बमोजिमको योग्यता पुगेका आवेदकले अनुसूची-२ बमोजिमको निवेदन सहित अनुसूची-३ बमोजिमको फारम भरी सम्बन्धित #कृषि विकास कार्यालय/भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा पेस गर्नुपर्नेछ।

(घ) बुँदा (ग) बमोजिम प्राप्त आवेदन अनुसूची-४ बमोजिम मूल्याङ्कन गरी जिल्लास्तरमा पुरस्कृत गर्नको लागि देहाय बमोजिमको समिति रहनेछ।

| | | |
|---|---|---|
| अ) | संयोजक | प्रमुख, कृषि विकास कार्यालय |
| आ) | सदस्य | प्रमुख, भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय |
| इ) | सदस्य-सचिव | संयोजकले तोकेको प्राविधिक अधिकृत, कृषि विकास कार्यालय |

(ङ) प्रदेशस्तरमा उत्कृष्ट पुरस्कार छनोट सम्बन्धी कार्यको लागि मन्त्रालय वा सम्बन्धित निर्देशनालयले विधा (बालीवस्तु) र आवेदकको प्रकृति (कृषक, कृषक समूह, सहकारी संस्था) खुलाई कृषि विकास कार्यालयसँग प्रदेशस्तरको पुरस्कार प्राप्त गर्न योग्य कृषक, कृषि फर्म/कम्पनी, कृषक समूह तथा सहकारी संस्थाले विवरण

€ पहिलो संशोधनद्धारा संशोधित

* पहिलो संशोधनद्धारा संशोधित

\# पहिलो संशोधनद्धारा संशोधित

माग गर्न सक्नेछ। यसरी माग भएको विवरण कृषि विकास कार्यालयले बुँदा (घ) बमोजिमको समितिको निर्णय सहित सिफारिस गरी पठाउनुपर्नेछ।

(च) राष्ट्रिय तथा प्रदेशस्तरको सर्वोत्कृष्ट पुरस्कार प्राप्त गरेको कृषक, कृषक समूह र सहकारी संस्थालाई पुरस्कार प्राप्त गरेपश्चात ५ (पाँच) आर्थिक वर्षसम्म पुनः पुरस्कार कार्यक्रममा समावेश गरिने छैन। यद्यपि पहिले पुरस्कृत भएको व्यवसायलाई निरन्तरता दिनेको हकमा फरक विधामा पुरस्कृत गर्ने प्रयोजनार्थ यस कार्यक्रममा समावेश गर्न वाधा पर्ने छैन।

(छ) प्रदेशस्तरमा पुरस्कृत गर्ने प्रयोजनार्थ बुँदा (ङ) बमोजिम सिफारिस भई आएका कृषक, कृषक समूह, सहकारी संस्थाहरु मध्येबाट उत्कृष्ट कृषक, कृषक समूह, सहकारी संस्था छनोट गर्नका लागि प्रदेशस्तरमा देहाय बमोजिमको समिति रहनेछ।

| | | |
|---|---|---|
| अ) | संयोजक | सचिव, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय |
| आ) | सदस्य | प्रमुख, [*]कृषि व्यवसाय प्रवर्द्धन, प्रशिक्षण तथा स्रोत केन्द्र |
| इ) | सदस्य | महानिर्देशक, [©]पशुपन्छी अनुसन्धान, विकास तथा प्रशिक्षण केन्द्र |
| ई) | सदस्य | प्रमुख, पशुपन्छी विकास महाशाखा, कृषि, भूमि व्यस्था तथा सहकारी मन्त्रालय |
| उ) | सदस्य | रजिष्ट्रार, सहकारी रजिष्ट्रारको कार्यालय |
| ऊ) | सदस्य-सचिव | प्रमुख, कृषि विकास महाशाखा, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय |

(ज) समितिले उत्कृष्ट कृषक, कृषक समूह, सहकारी संस्था छनोट गर्ने क्रममा आवश्यकता अनुसार सम्बन्धित आवेदकको स्थलगत अनुगमन, निरीक्षण गर्ने व्यवस्था मिलाउन सक्नेछ।

(झ) जिल्लास्तर तथा प्रदेशस्तर उत्कृष्ट ठहरिएका कृषक, कृषक समूह, सहकारी संस्थालाई कृषि सम्बन्धी विशेष दिवसको अवसर पारेर वा सार्वजनिक समारोह आयोजना गरी पुरस्कृत गरिनेछ।

(ञ) जिल्लास्तर र प्रदेशस्तर समितिको बैठकको निर्णय सम्बन्धित समितिको संयोजकले प्रमाणित गर्नेछ।

## २. आर्थिक पक्षः

(क) यस मापदण्ड बमोजिम छनोट भएका उत्कृष्ट कृषक, कृषक समूह, सहकारी संस्थालाई प्रमाण-पत्र सहित जिल्लास्तर तथा प्रदेशस्तर समितिले तोकेबमोजिमको नगद पुरस्कार निजको बैङ्क खातामा भुक्तानी हुने प्रवन्ध मिलाइनेछ।

(ख) बुँदा (क) अनुसारको पुरस्कारको संख्या र राशी देहाय बमोजिम हुनेछ।

| क्र.स. | पुरस्कारको नाम | पुरस्कृत गरिने संस्था | प्रति पुरस्कार राशी रु. |
|---|---|---|---|
| १. | जिल्लास्तर उत्कृष्ट पुरस्कार | ४ | [α]२०,०००/- |

[*] पहिलो संशोधनद्वारा संशोधित

[•] पहिलो संशोधनद्वारा संशोधित

[ƀ] पहिलो संशोधनद्वारा संशोधित

[©] पहिलो संशोधनद्वारा संशोधित

[α] दोस्रो संशोधनद्वारा संशोधित

| | | | |
|---|---|---|---|
| २. | प्रदेश उत्कृष्ट पुरस्कार | ४ | [•]४०,०००/- |
| ३. | प्रदेश सर्वोत्कृष्ट पुरस्कार | १ | [३]५०,०००/- |

## अनुसूची-१

आवेदकको न्यूनतम पेशागत योग्यता (देहायको मध्ये कुनै एक खेती/व्यवसाय भए पनि हुने)

### (क) बाली/बस्तु तथा न्यूनतम क्षेत्रफल/संख्याः

| क्र.स. | बाली/बस्तुको नाम | क्षेत्रफल/संख्याः | कैफियत |
|---|---|---|---|
| १ | अन्नबाली र आलु | तराईमा ३० कठ्ठा र पहाडमा १० रोपनी | |
| २ | दलहन र तेलहनबाली | तराईमा १५ कठ्ठा र पहाडमा ५ रोपनी | |
| ३ | तरकारी | तराईमा १५ कठ्ठा र पहाडमा ५ रोपनी र प्लाष्टिक घर भित्र १००० बर्ग फिट | |
| ४ | पुष्प | तराईमा ५ कठ्ठा र पहाडमा २ रोपनी | |
| ५ | मसलाबाली | तराईमा १० कठ्ठा र पहाडमा ५ रोपनी | |
| ६ | अलैची | १० रोपनी | |
| ७ | च्याउ | ५०० बर्ग मिटर, सिताके च्याउ-५०० मुढा | |
| ८ | फलफूल | तराईमा ३० कठ्ठा र पहाडमा १० रोपनी | |
| ९ | फलफूल नर्सरी | संरक्षित संरचना -१ रोपनी, खुला- २ रोपनी | |
| १० | कफी/चिया | १० रोपनी | |
| ११ | मौरीपालन | ५० घार | |
| १२ | माछापालन | तराईमा २० कठ्ठा र पहाडमा ५ रोपनी, रेन्वो ट्राउट-५०० बर्ग मिटर रेसवे | |
| १३ | भेड/बाख्रा (च्याङ्ग्रा समेत) | भेडा /च्याङ्ग्रा- १००, बाख्रा ५० | |
| १४ | बंगुर/सुँगुर | माउ -१० वा फयाटनर- ५० | |
| १५ | गाई, भैंसी (याक ,चौरी समेत) | १० वटा दुधालु | |
| १६ | कुखुरा | स्थानीय जातको कुखुरा -१०००<br>स्थानीय जाह बाहेक- ५००० | |
| १७ | हाँस | ५०० | |
| १८ | घाँस खेती | तराईमा १५ कठ्ठा,  पहाडमा ५ रोपनी | |
| १९ | खाद्यान्न बीज वृद्धि | तराईमा २० कठ्ठा, पहाडमा ५ रोपनी | |
| २० | तरकारी बीज वृद्धि | तराईमा १० कठ्ठा, पहाडमा ३ रोपनी | |

**(ख) सहकारी संस्थाको लाषि मात्र थप न्यूनतम योग्यताः**

१) संस्था स्थापना भएको कम्तीमा ३ वर्ष पूरा गरेको,

२) संस्थाले आफ्नो विधानमा उल्लेखित उद्धेश्यले निर्धारण गरेको गरेको क्षेत्र भित्र मात्र कारोबार गरेको,

३) संस्थाले विगत २ आर्थिक वर्षको पोजेटिभ नेट वर्थ रहेको,

४) सदस्य केन्द्रित भई व्यवसाय सञ्चालन गरेको,

५) संस्थाको काम कारबाही उपर उजुरी परी कारवाहीमा नपरेको,

६) सञ्चालक र लेखा सुपरिवेक्षण समितिको बैठक विनियम बमोजिम नियमित रुपमा बस्ने गरेको

७) नियामक निकायमा नियमित रुपमा प्रगति प्रतिवेदन पठाउने गरेको,

**अनुसूची-२**

आवेदकले पेस गर्नुपर्ने निवेदनको ढाँचा

मितिः

श्रीमान् प्रमुखज्यू,

#कृषि विकास कार्यालय/ भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय,

.............

<u>बिषयः उत्कृष्ट पुरस्कार कार्यक्रममा सहभागी गराई पाउँ।</u>

प्रस्तुत बिषयमा तहाँ ............................केन्द्रको मिति ....................को सार्वजनिक सूचना अनुसार उत्कृष्ट कृषक, कृषक समूह, कृषि सहकारी पुरस्कार प्रतियोगितामा म/हाम्रो कृषक समूह, सहकारी संस्था सहभागी हुन ईच्छुक भएकाले मापदण्डको अनुसूची-३ अनुसारको विवरण सहित यो निवेदन पेश गर्दछु/गर्दछौं। मैले/हामीले पेस गरेको संलग्न विवरण ठिक छ, झुट्टा ठहरिएमा कानून बमोजिम सहूँला बुझाउँला।

<u>निवेदक</u>

नामः

पदः

दस्तखतः

ठेगानाः

संस्थाको छापः

मोवाईल नं.

---

# पहिलो संशोधनद्धारा संशोधित

## अनुसूची-३ (क)

निवेदनसाथ पेश गर्नुपर्ने विवरणको ढाँचा

(कृषक/फर्म/कम्पनीको)

१. कार्यक्रममा सहभागी हुन ईच्छुक कृषकको नामः

२. आवेदकको स्थायी ठेगानाः

३. पत्राचारको ठेगानाः

४. श्रोत साधनको विवरणः

| क्र.स. | विवरण | एकाइ | परिमाण |
|---|---|---|---|
| १. | **कृषकसँग भएको श्रोत साधन** | | |
| (क) | कुल जग्गाको क्षेत्रफल | कठ्ठा/रोपनी | |
| (ख) | कुल खेती गरिएको क्षेत्रफल | कठ्ठा/रोपनी | |
| (ग) | पशुपालनका लागि प्रयोग गरेको जग्गाको क्षेत्रफल | कठ्ठा/रोपनी | |
| (घ) | सिंचित जग्गाको क्षेत्रफल | कठ्ठा/रोपनी | |
| २. | **सिंचाईको सुविधा** (भएको/नभएको) | | |
| ३. | **सिंचाईको माध्यम** (कुलो/बोरिङ/इनार/अन्य) | | |
| ४. | **कृषि यन्त्र तथा उपकरणको अवस्था** | | |
| (क) | मिनी टिलर | | |
| (ख) | पावर टिलर | | |
| (ग) | ट्र्याक्टर (५० एचपी भन्दा माथी) | | |
| (घ) | पावर स्प्रेयर, बुस कटर, विडर, खाडल खन्ने उपकरण, बीउ प्रशोधन मेशिनहरू आदि। | | |
| (ङ) | ग्रास कटर, च्याफ कटर, मिल्किङ मेशिन, मिल्क एनालाईजर, ग्रान्डर, पेलेटिङ मेशिन, वाटर प्युरीफायर आदि। | | |
| (च) | माछापालनमा प्रयोग हुने एरेटर, दाना बनाउने यन्त्र, जाल, महाजाल आदि। | | |

५. खेती गरिएको बालीको क्षेत्रफल तथा उत्पादन विवरण

| क्र.स. | विवरण | एकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|
| (क) | खाद्यान्नबाली | | | |
| १. | धान | | | |
| २. | गहुँ | | | |
| ३. | मकै | | | |
| ४. | कोदो | | | |
| ५. | जौ | | | |
| ६. | फापर | | | |
| ७. | आलु | | | |
| ८. | खाद्यान्न बीज वृद्धि | | | |
| (ख) | दालबाली | | | |
| (ग) | तेलबाली | | | |
| (घ) | तरकारीबाली | | | |
| | वर्षे तरकारी | | | |
| | हिउँदे तरकारी | | | |
| | बेमौसमी तरकारी | | | |
| | तरकारी बीज वृद्धि | | | |
| (ङ) | मसलाबाली | | | |
| (च) | अलैंची | | | |
| (छ) | चिया/कफी | | | |
| (ज) | फलफूलबाली | | | |
| (झ) | घाँस खेती | | | |
| (ञ) | मौरीपालन | | | |

| | | | | |
|---|---|---|---|---|
| (ट) | माछापालन | | | |
| (ठ) | फलफूल नर्सरी | | | |
| (ड) | श्रोत केन्द्र (कुनै बाली वा पशुको श्रोत केन्द्र भएमा) | | | |

६. पशुपन्छी पालन तथा उत्पादन विवरणः

| क्र.स. | विवरण | एकाइ | परिमाण/उत्पादन | कैफियत |
|---|---|---|---|---|
| १. | दुधालु पशु (गाई, भैसी, चौरी आदि) | | | |
| २. | दुध उत्पादन (वार्षिक) | | | |
| ३. | साना पशु (बाख्रा, भेडा, बंगुर) | | | |
| ४. | मासु उत्पादन (वार्षिक) | | | |
| ५. | प्रजननको लागि पालिएको पशुको विवरण | | | |
| ६. | हाँस, कुखुरापालन | | | |
| ७. | अण्डा उत्पादन (वार्षिक) | | | |
| ८. | माछा उत्पादन (वार्षिक) | | | |
| ९. | उन उत्पादन (वार्षिक) | | | |

७. सेवा तथा संस्थागत पहुँच सम्बन्धी विवरण

| क्र.स. | सेवा तथा संस्थागत पहुँच | अति उत्तम | उत्तम | सामान्य | नभएको |
|---|---|---|---|---|---|
| १. | कृषिसँग सम्बन्धित कार्यालयसँग सम्पर्क समन्वय स्थिति | | | | |
| २. | कृषि कर्जामा पहुँच | | | | |
| ३. | बाली तथा पशुधन बिमा कार्यक्रममा पहुँच | | | | |
| ४. | सरकारी/गैर सरकारी निकायबाट प्रदान हुने सेवा, सहुलियत, अनुदानमा पहुँच | | | | |
| ५. | प्राविधिकसँगको पहुँच | | | | |

८. रोजगारी सिर्जनाः

| क्र.सं. | कामको किसिम | एकाइ | स्वरोजगारी (एकापरिवारका सदस्य समेत) | बाह्य रोजगारी |
|---|---|---|---|---|
| १. | खेती कार्यमा | वार्षिक | ..........दिन ..........जना | .........दिन.......जना |
| २. | पशुपालन कार्यमा | वार्षिक | ...........दिन ..........जना | .........दिन .......जना |
| ३. | प्रशोधन तथा बजारीकरण कार्यमा | वार्षिक | ...........दिन ..........जना | .........दिन.......जना |

९. कृषि व्यवसायमा लगानी स्थिति

| क्र.स. | लगानी विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | खेती कार्य | | |
| २. | पशुपालन कार्य | | |
| ३. | पन्छीपालन कार्य | | |
| ४. | कृषि औजार उपकरण खरिद कार्य | | |
| ५. | अन्य लगानी | | |
| ६. | जम्मा लगानी | | |

१०. कृषि व्यवसायमा भएको लगानीको श्रोत

| क्र.स. | लगानीको श्रोत | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जा | | सहुलियतपूर्ण कृषि कर्जा हो/होईन |
| २. | समूह/सहकारीबाट लिएको कर्जा | | |
| ३. | व्यक्तिसँग लिएको ऋण | | |
| ४. | आफ्नै आम्दानीबाट व्यहोर्ने | | |
| | जम्मा | | |

११. कृषि पेशाबाट बार्षिक पारिवारिक आम्दानी स्थिती

| क्र.सं. | आम्दानी विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | खेती कार्यबाट | | |
| २. | पशुपालनबाट | | |
| ३. | कृषि पेशा अन्तर्गत पर्ने अन्य कुनै माध्यमबाट | | |
| | जम्मा आम्दानी | | |

१२. निम्न विषयमा सहभागी कृषकको दक्षताः

| क्र.सं. | दक्षताको क्षेत्र | स्थिती | कैफियत |
|---|---|---|---|
| १. | उन्नत प्रविधिको प्रयोग (भएको/नभएको) | | |
| २. | श्रोत साधनको उच्चतम सदुपयोग (गरेको/नगरेको) | | |
| ३. | प्रविधि विस्तारमा योगदान (गरेको/नगरेको) | | |
| ४. | रोग कीराको उचित व्यवस्थापन (गरेको/नगरेको) | | |
| ५. | भकारो एवं गोठ सुधार (गरेको/नगरेको) | | |
| ६. | उत्पादन लागत तथा प्रतिफल सम्बन्धी रेकर्ड (राखेको/नराखेको) | | |
| ७. | कुनै किसिमको पुरस्कार एवं प्रशंसा पत्र प्राप्त (गरेको/नगरेको) | | |
| ८. | कृषक समूह, समिति, सहकारी संस्थाको सदस्य (भएको/नभएको) | | |
| ९. | स्थानीय स्तरमा आफ्नो अनुभवको आदान प्रदान (गरेको/नगरेको) | | |

१३. खेती प्रविधिमा अपनाइएको नयाँ प्रविधिहरूको विवरण

१४. कृषि व्यवसाय एवं प्रविधिहरूको विस्तृतीकरण (कुनै भएमा)

१५. कृषि व्यवसाय प्रवर्द्धनका भावी योजना (कुनै भएमा)

१६. कृषकको सफलताको कथा (बढीमा १०० शब्द नबढ्ने गरी)

**अनुसूची-३(ख)**

निवेदनसाथ पेश गर्नुपर्ने विवरणको ढाँचा

(कृषक समूह/सहकारी संस्थाको लागि)

| क.स. | कृषक समूह/सहकारी संस्थाको विवरण | विवरण |
|---|---|---|
| १. | समूह/सहकारी संस्थाको नाम | |
| २. | ठेगाना | |
| ३. | समूह/सहकारी संस्थाको किसिम (महिला/पुरुष/मिश्रित) | |
| ४. | सदस्य संख्या (महिला/पुरुष/जनजाती अन्य) | |
| ५. | दर्ता भएको मिति | |
| ६. | निरन्तर बैठक बस्ने गरेको वा नगरेको | |
| ७. | पान नम्बर | |
| ८. | समूह/सहकारी संस्थाको कार्यालय बोर्ड राखेको / नराखेको | |
| ९. | समूह/सहकारी संस्था परिचालन अनुभव ( वर्षमा/वा भएको/नभएको) | |
| १०. | हितकोष सम्बन्धी विवरण | |
| (क) | मासिक बचत रकम प्रति सदस्य | |
| (ख) | संकलित हितकोष रकम रु. | |
| (ग) | हितकोष रकम परिचालन स्थिति | |
| (अ) | लगानी रु. | |
| (आ) | कृषि क्षेत्रमा लगानी रु. | |
| (इ) | असुली रु. | |
| ११. | समूह/सहकारी संस्थाले गरेका मुख्य मुख्य क्रियाकलापहरु | |
| (क) | जीविकोपार्जनमा सहयोग सम्बन्धी कार्य उल्लेख गर्ने | |
| (ख) | व्यवसायिक कृषि उत्पादनमा संलग्नता | |
| (ग) | बजारीकरण स्थिति | |
| (घ) | पोष्ट हार्भेष्ट तथा प्रशोधन कार्यमा संलग्नता | |
| (ङ) | आय आर्जनमा सहयोग | |
| (च) | सामाजिक क्रियाकलापमा संलग्नता | |
| १२. | समूह/सहकारी संस्थाले अवलम्बन गरेका नवीनतम प्रविधि भए उल्लेख गर्ने | |
| १३. | समूह/सहकारी संस्थाले अवलम्बन गरेका स्थानीय प्रविधि भए उल्लेख गर्ने | |
| १४. | समूह/सहकारी संस्थले कुनै निकायबाट अनुदान प्राप्त गरेको भए उल्लेख गर्ने | |

## अनुसुची -४ (क)

मूल्याङ्कनका आधारहरुः

(कृषक/फर्म/कम्पनीको लागि)

| क्र.सं | मूल्याङ्कनका आधार | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १. | स्रोतसाधनको उपलब्धता एवं सदुपयोग | १० | |
| २. | स्थानीय समुदायमा कार्य अनुभवको आदान प्रदान एवं योगदान | १० | |
| ३. | उत्पादन र उत्पादकत्व | १५ | |
| ४. | रोजगारी सिर्जना | १० | |
| ५. | कृषि उत्पादनको बजारीकरण | १० | |
| ६. | कृषि व्यवसायमा गरेको वित्तिय लगानीको स्थिति | १० | |
| ७. | कृषि व्यवसायबाट प्राप्त आम्दानी एवं प्रतिफलको स्थिति | १० | |
| ८. | प्राविधिक ज्ञान र उन्नत प्रविधि प्रयोगको स्थिति | १० | |
| ९. | कृषि व्यवसायको दिगोपना | १० | |
| १०. | यस अघि पुरस्कार प्राप्त नगरेका आवेदक | ५ | |
| | **जम्मा** | १०० | |

नोटः समितिले मूल्याङ्कन गर्दा उल्लेखित मापदण्डको आधारमा उप-आधारहरु तयार गर्न सक्नेछ ।

**अनुसुची -४ (ख)**

मूल्याङ्कनका आधारहरुः

(कृषक समूह/सहकारी संस्थाको लागि)

| **क्र.सं** | **मूल्याङ्कनका आधारहरु** | **पूर्णाङ्क** | **प्राप्ताङ्क** |
|---|---|---|---|
| १. | समुह/सहकारी संस्थाको बैठक सञ्चालन र लिइएका निर्णयहरुको कार्यान्वयन अवस्था | ५ | |
| २. | हितकोष स्थापना र परिचालन अवस्था | ५ | |
| ३. | श्रोत साधनको स्थिति,सदुपयोग एवम् दिगोपना | १० | |
| ४. | उत्पादन र उत्पादकत्व वृद्धिमा योगदान | १० | |
| ५. | समुह/सहकारी संस्थाको पारदर्शिता र अन्य निकायसँगको समन्वय | ५ | |
| ६. | समुह/सहकारी संस्थाको अभिलेख व्यवस्थापन | १० | |
| ७. | समुह/सहकारी संस्थाले गरेका सेवा/क्रियाकलापहरुको प्रभावकारिता तथा सामाजिक योगदान | १० | |
| ८. | कृषि क्षेत्रमा गरेको लगानिको अवस्था | १५ | |
| ९. | रोजगारी सिर्जना र आयर्जनमा वृद्धिमा योगदान | १० | |
| १०. | साझेदारी/ सामुहिक रुपमा संचालित क्रियाकलापको अवस्था | १० | |
| ११. | समुह/सहकारी संस्थाको सिर्जनशीलता/नविनताकव अवस्था | ५ | |
| १२. | यस अघि पुरस्कार प्राप्त नगरेका आवेदक | ५ | |
| | **जम्मा** | १०० | |